लक्ष्मीनियाँ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल
फोन नं.९८५४०२७२०९
Email-(laxminiyamun@gmail.com)
Website: www.laxminiyamun.gov.np

प.स.:-२०८०/८१
~~च.नं.:~~ सुचना ८१-४

लक्ष्मीनियाँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लक्ष्मीनियाँ बजार, धनुषा मधेश प्रदेश, नेपाल २०७३

मिति:२०८१/०२/१६

**विषय:योजना तथा कार्यक्रमको फर-फारक सहित भुक्तानीको लागि कागजात पेश गर्ने सम्वन्धमा।**

श्री सरोकारवाला सबै।

प्रस्तुत विषयमा आ.व.२०८०/८१ का लागि गाउँ सभाबाट विनियोजित निति, कार्यक्रम तथा वार्षिक वजेट अन्तर्गत गाउँपालिका र वडा कार्यालयहरुबाट संचालित योजना तथा कार्यक्रमहरु असार १५ गते सम्म कार्य सम्पन्न गरी फर-फारक सहित भुक्तानीका लागि सम्पुर्ण कागजात मिति २०८१/०३/१५ गते सम्ममा यस गाउँपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्ने र तोकिएको मिति भित्र कागजातहरु पेश नभएमा योजना तथा कार्यक्रमहरुको हकमा गाउँपालिकाबाट भुक्तानी गर्न नसकिने ब्यहोरा अनुरोध छ।

पुनः नेपाल सरकार अर्थ मन्त्रालयको च.नं.१४६ मिति २०८१/०१/१२ को पत्रानुसार संघिय सरकारबाट प्राप्त हुने अनुदान मध्ये २५ प्रतिशत समानीकरण अनुदान कटोती भएको र राजश्व बाडँफाडँ तथा आन्तरिक राजश्व रकम समेत आय बमोजिम अपेक्षित रुपमा प्राप्त हुन नसकेको अवस्थामा योजना तथा कार्यक्रमका फायलहरु श्रोतको सुनिश्चितताका आधारमा प्राथमिकता सहित क्रमशः भुक्तानी हुने ब्यहोरा अनुरोध छ।

**बोधार्थः**
श्री सम्पुर्ण वडा कार्यालयहरु/ शाखाहरुः समयमै कार्यक्रम र योजनासँग सम्बन्धित सम्पुर्ण बिल, भरपाई, भौचर, दाखिला र अन्य आवश्यक कागजात तयार गरी/ गराई समयमै भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश गर्नु हुन।

**अवगतार्थः**
१.श्रीमान गाउँपालिका अध्यक्षज्यू
२.श्रीमान गाउँपालिका उपाध्यक्षज्यू
३.श्री वडा अध्यक्षज्यूहरु (सबै) समयमै सम्पुर्ण योजना तथा कार्यक्रमहरु संचालन /अनुगमन गरी फर-फारकमा सहयोग गरी दिनु हुन।

अन्तयमा:गाउँपालिकाका सम्पुर्ण योजना तथा कार्यक्रमहरुको भुक्तानी EFT मार्फत सोझै सम्बन्धित ब्यक्ति, संस्था, पार्टीहरुको खातामा हुने हुदाँ समयमै सम्पुर्ण कागजातको साथै चेकको प्रतिलिपी समेत पेश हुन नसकेमा आर्थिक प्रशासन शाखा जवाफदेही नहुने ब्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

२०८१/०२/१६

............
संजित कुमार यादव
लेखा प्रमुख

............
याम बहादुर उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner